**July 18th, 2025 Friday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

1. प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा आज पश्चिम बंगालको दुर्गापुरमा ५,००० करोड रुपैयाँभन्दा बढी मूल्यका कैयन् विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास
2. देशको हरेक गाउँमा खेलकुद पुऱ्याउन सरकारले हरसम्भव प्रयास गरिरहेको केन्द्रीय गृहमन्त्री अमित शाहको धारणा
3. सबैका लागि सुरक्षा र दिगोपन सुनिश्चित गर्ने विश्वस्तरीय सडक तथा यातायात पूर्वाधार निर्माण गर्न सरकार प्रतिबद्ध रहेको सडक यातायात तथा राजमार्ग राज्यमन्त्री हर्ष मल्होत्राको धारणा
4. अनि **चेसमा,** भारतीय ग्रान्डमास्टर अर्जुन एरिगेसी फ्रिस्टाइल ग्रान्ड स्ल्याम प्रतियोगिताको सेमिफाइनलमा पुग्ने पहिलो खेलाडी बन्न सफल

**अब समाचार विस्तारमा**

**1. PM- West Bengal**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको दुर्गापुरमा ५,००० करोड रुपैयाँभन्दा बढी मूल्यका कैयन् विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले यी परियोजनाहरूले यस क्षेत्रको सम्पर्कमा उल्लेखनीय सुधार गर्ने बताउनुभयो

उहाँले यी परियोजनाहरूले गर्दा बिहारको इस्पात नगरीको पहिचान अझ मजबूत हुने बताउनुभयो। श्री मोदीले पश्चिम बंगालमा वन्दे भारत रेलहरूको सञ्चालन ठूलो संख्यामा भइरहेको उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले दुर्गापुरले देशको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको चर्चा गर्नुभयो।

यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको मोतिहारीमा सात हजार दुई सय करोड रुपियाँ भन्दा बढी लागतका कैयन् विकास परियोजनहरूको शिलान्यास र लोकार्पण गर्नुभयो। यी परियोजनहरू रेल, सडक तथा ग्रामीण विकास, मत्स्यपालन, इलेक्ट्रोनिक्स र सूचना प्रौद्योगिकी क्षेत्रहरूसित सम्बन्धित छ। यस अवसरमा श्री मोदीले आफ्नो सम्बोधनमा पूर्वी भारतको विकासका लागि बिहारको विकास आवश्यक छ भन्नुभयो। उहाँले केन्द्र तथा राज्य सरकार, दुवैले राज्यका लागि काम गरिरहेको हुनाले आज बिहारमा तीव्र गतिका साथ विकास भइरहेको छ भन्नुभयो। उहाँले थप भन्नुभयो....

2. Shah – Sports

केन्द्रीय गृहमन्त्री अमित शाहले देशको हरेक गाउँमा खेलकुद पुऱ्याउन सरकारले हरसम्भव प्रयास गरिरहेको बताउनुभएको छ। नयाँ दिल्लीमा २१ औं विश्व प्रहरी तथा अग्नि खेलकुदमा भारतीय टोलीलाई सम्मान गरेपछि श्री शाहले यो कुरा बताउनुभएको हो। उहाँले विभिन्न उमेर समूहका बालबालिकालाई वैज्ञानिक तरिकाले हरेक खेलमा छनोट गरी तालिम दिइँदै आएको बताउनुभयो। श्री शाहले विगत दश वर्षमा खेलकुदलाई ठूलो महत्त्व दिइएको र खेलकुद बजेट पाँच गुणा बढेको उल्लेख गर्नुभयो। श्री शाहले सरकारले लगभग तीन हजार खेलाडीहरूलाई प्रति महिना ५० हजार रुपैयाँ सहयोग गरेर ओलम्पिकको तयारी गरिरहेको उल्लेख गर्दै २०३६ ओलम्पिकमा पदक जित्ने शीर्ष पाँच देशहरूमा भारत हुने विश्वास व्यक्त गर्नुभयो।

3. Jaishankar - Bolivia - FM

भारतले बोलिभियालाई दादुरा र रुबेला प्रकोपसँग जुध्न मद्दत गर्न ३ लाख डोज खोप र आवश्यक सहयोगी सामग्री पठाएको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले सामाजिक सञ्जाल पोस्टमा भने, कि भारत आफ्ना कम विकसित र विकासशील देशहरूको साथमा उभिएको छ।

4. Puri – Urja Varta

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले भन्नुभएको छ, विश्वका धैरै भागहरूमा भूराजनीतिक अवस्थाको बाबजुद पनि, भारतले ऊर्जा उपलब्धता, किफायती र दिगोपनका चुनौतीहरूको सफलतापूर्वक सामना गरेको छ। नयाँ दिल्लीमा एक जमघटलाई सम्बोधन गर्दै उहाँले भारतले ऊर्जा आयात गर्ने देशहरूको सूची विस्तार गरेको बताउनुभयो।

5. Malhotra – Highway Summit

सडक यातायात तथा राजमार्ग राज्यमन्त्री हर्ष मल्होत्राले सरकार मानिसहरूलाई जोड्ने, आर्थिक वृद्धिलाई अगाडि बढाउने र सबैका लागि सुरक्षा र दिगोपन सुनिश्चित गर्ने विश्वस्तरीय सडक तथा यातायात पूर्वाधार निर्माण गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। आज दिल्लीमा सडक तथा राजमार्ग शिखर सम्मेलनलाई सम्बोधन गर्दै श्री मल्होत्राले विगत ११ वर्षमा सरकारले शहरहरूलाई जोड्न, समुदायहरूलाई सशक्त बनाउन र राजमार्ग निर्माणको अभूतपूर्व विकासलाई तीव्र बनाउन अथक प्रयास गरेको छ भन्नुभयो। उहाँले २०१४ मा देशमा राष्ट्रिय राजमार्ग सञ्जाल ९१ हजार किलोमिटर थियो, जुन अहिले १ लाख ४६ हजार किलोमिटरभन्दा बढी पुगेको छ भन्नुभयो।

6. Birla-Youths

लोकसभा अध्यक्ष ओम बिरलाले २०४७ सम्ममा विकसित भारतको लक्ष्यतर्फ अघि बढिरहेका भारतीय युवाहरूलाई सही मार्गदर्शन, प्राविधिक सहयोग र नीति निर्माणको आवश्यकता रहेको बताउनुभएको छ। यस सन्दर्भमा, उहाँले समाज र राष्ट्रको समग्र विकासमा सामाजिक संस्थाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभयो। हरियाणाको गुरुग्राममा आयोजित एक सम्मेलनलाई सम्बोधन गर्दै श्री बिरलाले युवाहरूमा परिवर्तनको जोश, भविष्यलाई आकार दिने क्षमता र राष्ट्र निर्माणको लागि उत्साह छ भन्नुभयो।

7. Karnataka- Stampede

गत महिना बेंगलुरुको चिन्नास्वामी स्टेडियमको गेट बाहिर भएको भागदौडको लागि कर्नाटक सरकारले रोयल च्यालेन्जर्स बैंगलोर आईपीएल क्रिकेट टोलीलाई दोष दिएको छ। यस भागदौडमा ११ जनाको मृत्यु भएको थियो र ५० भन्दा बढी घाइते भएका थिए। रिपोर्टमा भनिएको छ, आरसीबीले आईपीएल प्रतियोगीत जितेको उत्सव मनाउन आवश्यक अनुमति र इजाजतपत्र लिएको थिएन।

8. Sports News

अब खेल प्रसंगः **चेसमा,** भारतीय ग्रान्डमास्टर अर्जुन एरिगेसी फ्रिस्टाइल ग्रान्ड स्ल्याम प्रतियोगिताको सेमिफाइनलमा पुग्ने पहिलो खेलाडी बनेका छन्। २१ वर्षीय एरिगेसीले अमेरिकाको लास भेगासमा भएको छनोटमा उज्बेकिस्तानका अब्दुसत्तोरोभ नोदिरबेकलाई पराजित गरे। दुई खेलाडीहरू बीचको पहिलो खेल बराबरीमा सकिएको थियो, दोस्रो खेलमा अर्जुनले प्रभुत्व जमाएर पूरा अंक प्राप्त गरे। तर युवा भारतीय ग्रान्डमास्टर रमेशबाबु प्रज्ञानानन्द भने लास भेगासमा भएको फ्रिस्टाइल ग्रान्ड स्ल्याम चेस प्रतियोगिताबाट बाहिरिएका छन्। हंगेरीको राजधानी बुडापेस्टमा सम्पन्न पोलाक इम्रे र वर्गा जानोस मेमोरियल **कुस्ती प्रतियोगितामा** भारतका सुजित कलकलले स्वर्ण पदक जितेका छन्। उहाँले पुरुष ६५ किलोग्राम फ्रिस्टाइल वर्गमा यो पदक जितेका छन्। सुजितले फाइनलमा चार पटकका युरोपेली पदक विजेता अजरबैजानका अली रहिमजादेलाई पाँच-एकले पराजित गरे। यस वर्ष कुस्ती र्‍याङ्किङ शृङ्खलाको कुनै पनि प्रतियोगितामा यो भारतको पहिलो स्वर्ण पदक हो। प्रतियोगितामा अर्का भारतीय पहलवान राहुलले ५७ किलोग्राम पुरुष फ्रिस्टाइल वर्गमा जर्मनीका निकलास स्टेचेललाई हराएर कांस्य पदक हात पारेका छन्।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा आज पश्चिम बंगालको दुर्गापुरमा ५,००० करोड रुपैयाँभन्दा बढी मूल्यका कैयन् विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास
2. देशको हरेक गाउँमा खेलकुद पुर्‍याउन सरकारले हरसम्भव प्रयास गरिरहेको केन्द्रीय गृहमन्त्री अमित शाहको धारणा
3. सबैका लागि सुरक्षा र दिगोपन सुनिश्चित गर्ने विश्वस्तरीय सडक तथा यातायात पूर्वाधार निर्माण गर्न सरकार प्रतिबद्ध रहेको सडक यातायात तथा राजमार्ग राज्यमन्त्री हर्ष मल्होत्राको धारणा
4. अनि **चेसमा,** भारतीय ग्रान्डमास्टर अर्जुन एरिगेसी फ्रिस्टाइल ग्रान्ड स्ल्याम प्रतियोगिताको सेमिफाइनलमा पुग्ने पहिलो खेलाडी बन्न सफल